कमिटी, विकास प्रभावकारिता कमिटी (CODE), कर्मचारी कमिटी, कार्यकारी निर्देशकहरूको प्रशासनिक क्रियाकलाप र प्रशासन हेर्ने कमिटी गरी विभिन्न पाँच स्थायी कमिटीहरू कार्यरत छन् ।

(३) **अध्यक्ष (President):** बैंकको दैनिक प्रशासन संचालन गर्ने, बैंकको सम्पूर्ण कारबाहीहरूको रेखदेख गर्ने, बैंकलाई आवश्यक कर्मचारीहरू नियुक्त र खारेजी गर्ने अधिकारसहितको एकजना अध्यक्षको नियुक्ति गभर्नर परिषद्ले गर्दछ । बैंकको अध्यक्ष मुख्यरूपले कार्यकारी परिषद्प्रति उत्तरदायी हुन्छ र कार्यकारी परिषद्को पदेन सभापति हुन्छ । लामो समयदेखि बैंकको अध्यक्ष अमेरिकी नागरिक र अन्तर्राष्ट्रिय मुद्राकोषको प्रबन्ध संचालक युरोपेली हुने प्रचलन रहेको छ । विश्व बैंकको अध्यक्षमा सन् २०१२ देखि Jim Yong Kim कार्यरत हुनुहुन्छ ।

## अन्तर्राष्ट्रिय मुद्रा कोष

अन्तराष्ट्रिय मुद्रा कोषको स्थापना सन् १९४५ डिसेम्बरमा भएको हो । स्थापनाताका यसमा २८ वटा राष्टहरू सदस्य थिए । यी सदस्यहरूलाई Original Members भनिन्छ । हाल यसमा १८६ मुलुकहरू सदस्य रहेका छन् । यसको सदस्यता लिनका लागि गभर्नर परिषद् (Board of Governors) ले स्वीकृति आवश्यक पर्दछ । यसको मुख्य कार्यालय अमेरिकाको राजधानी वासिङ्टन डि.सि.मा रहेकोछ  जुन सन् १९४७ को मार्च १ मा स्थापना भएको हो । प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको गभर्नर्स परिषद् (Board of Governors) को संयुक्त बैठक बस्दछ र यही बैठकद्वारा कोष तथा विश्व बैंकका लागि आवश्यक नीति-नियम र कार्यक्रमहरू तर्जुमा गरिन्छन् । यस्तो बैठक आवश्यक परेको खण्डमा जुनसुकै बखत गभर्नर परिषद्को बैठक बस्न सक्ने र आवश्यक निर्णय गर्न सक्ने व्यवस्था रहेको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका गभर्नर परिषद्, कार्यकारी परिषद् र प्रबन्ध सञ्चालक गरी मुख्य तीन अङ्गहरू रहेका छन् । गभर्नर परिषद् (Board of Governors) कोषको सर्वोच्च अङ्ग हो । यसले कोषको नीति निर्धारण गर्ने, कार्यक्रम तर्जुमा गर्ने, बजेट स्वीकृत गर्ने, निर्देशकको निर्वाचन गर्ने जस्ता कार्य गर्दछ । गभर्नर परिषद्मा सदस्य राष्ट्रहरूका प्रतिनिधिहरूले प्रतिनिधित्व गर्दछन् र यसको बैठक वार्षिक रुपमा बस्ने गर्दछ ।

यस्तै कार्यकारी परिषद् (Executive Boards) कार्यकारी परिषद्ले कोषको कार्यकारी अङ्गका रुपमा काम गर्दछ जसमा २४ जना कार्यकारी निर्देशकहरू हुन्छन् । कार्यकारी परिषदमा विभिन्न देश र कोटाको आधारमा २४ जना कार्यकारी निर्देशकहरू रहन्छन जसमा पाँच जना सबैभन्दा बढी कोटा भएका सदस्य राष्ट्रहरू अमेरिका, जापान, जर्मनी, फ्रान्स र बेलायतबाट नियुक्त हुन्छन् भने बाँकी १९ जना प्रत्येक राष्ट्र समूहहरूबाट छानिन्छन् । यस परिषद्को सभापतित्व प्रबन्ध सञ्चलकले गर्ने प्रावधान रहेको छ । यी कार्यकारी निर्देशकहरू गभर्नर परिषद्द्वारा निर्वाचित भएका हुन्छन् । कार्यकारी परिषदले कोषको दैनिक प्रशासन सञ्चालन गर्नुका साथै अन्य आवश्यक कार्य पनि गर्दछ ।

यस्तै कोषको सचिवालयको सञ्चालन गर्ने अंगका रुपमा प्रबन्ध सञ्चालक (Managing

Question Bank Nepal

Director) ले प्रमुख तथा कोषको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्दछन् । प्रवन्ध सञ्चालकले कोषको दैनिक प्रशासन सञ्चालन गर्ने, कोषको कार्यक्रमको रेखदेख गर्ने, कोषको क्रियाकलापको प्रतिवेदन तयार गर्ने, बजेट तयार गर्ने आदि कार्य गर्दछन् ।

**अन्तर्राष्ट्रिय मुद्रा कोषको उद्देश्य**

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रमुख लक्ष्य अन्तर्राष्ट्रियस्तरमा मौद्रिक सहयोगलाई प्रोत्साहन गर्नु रहेको छ । यस कोषका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

१. अन्तर्राष्ट्रिय मौद्रिक मुद्दामा परामर्श एवं संयुक्त सहयोगका लागि कार्य प्रणाली उपलब्ध गरांउने,
२. अन्तर्राष्ट्रिय व्यापार सन्तुलन तथा प्रोत्साहित गर्नु
३. सदस्य राष्ट्रहरूबीच विनियम स्थिरता कायम गर्न सघाउँदै पारस्परिक प्रतिस्पर्धा हटाउनु ।
४. वैदेशिक विनियम सिमित गर्ने कार्य (प्रतिबन्ध) हटाइ विश्व व्यापार सहजीकरण गर्नु ।
५. सदस्यहरूलाई आवश्यकताका आधारमा कोष उपलब्ध गराएर विश्वासमा राख्नु,
६. सदस्य राष्ट्रहरूको भुक्तानी असन्तुलनको अवस्थामा सुधार गर्न सहयोग गर्नु ।

**अन्तराष्ट्रिय मुद्रा कोषका कार्यहरू**

ब्रेटन उड्स सम्झौतामा उल्लेख भएअनुसार अन्तर्राष्ट्रिय मुद्रा कोषले आफ्ना उद्देश्यहरू पूरा गर्न मुख्य प्रकारका कार्यहरू: नियमनकारी, वित्तीय र परामर्शसम्बन्धी कार्यहरू गर्दछ । कोषले विश्वव्यापी मौद्रिक सहयोगलाई प्रवर्द्धन गर्ने, वित्तीय स्थायित्वलाई सुनिश्चित गर्ने, अन्तर्राष्ट्रिय व्यापारलाई प्रात्साहित गर्ने, रोजगारी बृद्धि एवं न्यायपूर्ण आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने र विश्वमा गरिबी घटाउने कार्यमा सहयोग गर्ने पनि कार्य गर्दछ ।

१. **नियमनकारी कार्यहरू** : नियमनकारी कार्यहरू अन्तर्गत अन्तर्राष्ट्रिय व्यापारमा विस्तार तथा उच्चदरमा रोजगारी बढाउन र उपयुक्त आर्थिक साधनहरूको विकास गर्न कोषले नियमनकारी कार्यअन्तर्गत विनिमय दर प्रणाली तथा अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीको निगरानी तथा नियन्त्रण गर्ने कार्यहरू गर्दछ । यसअनुसार कोषले सदस्य राष्ट्रहरूबीच बहुमुद्रा अभ्यास (Multiple Currency Principle) र विभेदी मुद्रा व्यवस्था (Discriminatory Currency Arrangement) अभ्यासमा अस्वस्थ प्रतिस्पर्धा हुन नदिइ विनिमय व्यवस्थालाई स्थीर बनाउन र अन्तराष्ट्रिय भुक्तानीमा असन्तुलन भएमा आवश्यक समायोजन (Necessary Adjusment) गर्ने भूमिका खेल्दछ ।

२. **वित्तीय कार्यहरू** : सदस्य राष्ट्रहरूलाई परेको शोधनान्तर समस्या एवं भुक्तानी असन्तुलनको समस्यामा घाटा पूर्ति गर्न सहायता पुऱ्याउन कोषले सहयोग गर्दछ । सदस्य राष्ट्रहरूलाई विनिमय अवमूल्यन लगायत व्यापार, आर्थिक क्रियाकलाप, रोजगारी र विकास निर्माणसम्बन्धी क्रियाकलापमा नियन्त्रण हुने स्थिति आउन नदिन



Question Bank Nepal

आवश्यक सहायता गर्दछ । यसका लागि अनुशासित मौद्रिक तथा वित्तीय नीतिहरूको अवलम्बन, अन्तर्राष्ट्रिय व्यापारका अवरोधहरूको समाधान र विनिमय दरलाई वास्तविक रुप दिने कार्यमा कोषले सदस्य राष्ट्रहरूलाई प्रोत्साहित गर्दछ ।

३. **परामर्शसम्बन्धी कार्यहरू:** कोषले सदस्य राष्ट्रहरूको नियमित अनुगमन र अवलोकन मार्फत समष्टिगत आर्थिक गतिविधि, आर्थिक सूचकाङ्क एवं नीतिगत कार्यहरू तथा कार्यान्वयनमा रहेका कार्यक्रमहरूको अध्ययन गरी सुधारात्मक उपाय तथा आवश्यक नीतिगत र कार्यगत सुझावहरू दिन्छ । सदस्य राष्ट्रहरूको आर्थिक क्रियाकलापमा अनुकूलताका लागि दिने यस्ता सुझाव सदस्य राष्ट्रहरूलाई वाध्यारी भने हुँदैनन् । तर सदस्य राष्ट्रमा कोषको सुझावले नैतिक दवाव भने सिर्जना गर्दछ । आफ्ना सुझाव र नैतिक दबावबाट पनि सदस्य राष्ट्रले सही दिशा लिन नसकेमा कोषले सदस्य राष्ट्रलाई आफ्नो सदस्यताबाट अलग हुन सल्लाह दिन सक्छ ।

## एसीयाली विकास बैंक सम्बन्धी जानकारी

एसियाली विकास बैंकको स्थापना सन् १९६५ डिसेम्बरमा भएको हो । यसले सन् १९६६ देखि आफ्नो कार्यप्रारम्भ गरेको हो । यसको मुख्य कार्यालय फिलिपिन्सको मनिलामा रहेको छ । यसको स्थापना द्वन्द्वपछिको पुनर्स्थापना र पुन:निर्माणको सन्दर्भमा भएको मानिन्छ । यसको मूल ध्येय गरिबी निवारणममा सहयोग मार्फत सदस्य राष्ट्रका जनताको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ । यस बैंकको स्थापनाकालमा ३१ सदस्य राष्ट्र रहेकामा हाल ४८ एसियाली र १९ वटा अन्य क्षेत्रका राष्ट्रहरू समेत ६७ सदस्य रहेका छन् । यस बैंकको साझेदारका रूपमा सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू, विकास संस्थाहरू, सामुदायिक सङ्गठनहरू तथा विभिन्न फाउण्डेशनहरू रहेका छन् ।

## एडिबीको उद्देश्य

यस बैंकको मूल उद्देश्य सदस्य राष्ट्रहरूको आर्थिक वृद्धि तथा आर्थिक विकासको गतिलाई अगाडि बढाउनु रहेको छ । यसको अर्को उद्देश्यमा आफ्ना सदस्य राष्ट्रमा कायम गरिबी निवारणमा सहयोग गर्नु पनि रहेको छ । यस प्रयोजनका लागि निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने, समावेशीकरणलाई सशक्तिकरण गर्ने, क्षेत्रीय सहयोग र अन्तरआबद्धताको प्रवर्द्धन गर्ने, प्रभावकारी वातावरणीय व्यवस्थापनलाई प्रोत्साहित गर्ने तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नुपर्ने कुरामा बैंकको विशेष जोड रहन्छ ।

## एडिबीका कार्यहरू

एसियाली विकास बैकका कार्यहरू निम्नानुसार रहेका छन् :

क) विकासका लागि लगानी प्रवर्द्धन गर्नु,
ख) पुँजी/स्रोतको पहिचान गरी प्रयोग बढाउनु,
ग) सदस्य राष्ट्रको अनुरोधमा विकास गतिविधिमा सहयोग गर्नु,
घ) विकास परियोजना, कार्यक्रमको तर्जुमा, वित्तीय विश्लेषण र कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउनु,
ङ) बैकले उपयुक्त ठानेका र बैक स्थापनाको सम्झौतापत्रमा उल्लेख भएका



Question Bank Nepal

सर्तअनुसार विभिन्न सङ्गठनसँग सहयोगको समन्वय गर्नु,

च) बैंकले आवश्यक ठानेका अन्य उपयुक्त कार्य सम्पादन गर्नु ।

बैंकले सन् २००८ मा आफ्ना गतिविधिलाइ प्रभावकारी बनाउन "रणनीति-२०२०" अघि सारेको छ । यसका मुख्य ३ वटा परिपूरक रणनीतिक एजेण्डाहरू निम्नानुसार छन्

१. समावेशी वृद्धि ।

२. वातावरणीय तवरले दिगो वृद्धि ।

३. क्षेत्रीय सम्मिलन ।

**सहयोगको पद्धति**

बैंकले गर्ने सहयोगका मुख्यत: ऋण (Loans), प्राविधिक सहायता (Technical Assistance), अनुदान (Grants), सल्लाह (Advoice) तथा ज्ञान (Knowledge) मा आधारित रहन्छ ।

**ग) अङ्गहरू**

एसियाली विकास बैंकका प्रमुख अङ्गहरूका रूपमा गभर्नर परिषद् (Board of Governors), निर्देशक परिषद् (Board of Directors) र सचिवालय (Secretariat) रहेका छन् । यसका साथै अध्यक्ष (President) लाई पनि बैंकको अंगका रुपमा लिइन्छ ।

१. **गभर्नर परिषद् (Board of Governors):** यो बैंकको निर्णय/नीति निर्माणको सर्वोच्च निकाय हो । बैंकको सम्पूर्ण अधिकार यसै परिषद्मा निहित गरेको छ । यसले आफैले गर्नुपर्ने भनि उल्लेख भएका अधिकारहरू बाहेक अन्य अधिकार निर्देशक परिषद्लाई प्रत्यायोजित गर्ने गर्दछ । यस परिषदमा सदस्य राष्ट्रहरूका अर्थमन्त्रीहरू गभर्नरको रूपमा र अर्थ सचिव वैकल्पिक गभर्नरका रुपमा रहन्छन ।

२. **निर्देशक परिषद् (Board of Directors):** यो बैंकको कार्यकारी अंग हो । यसमा गभर्नर परिषद्ले २ वर्षका लागि एसिया-प्रशान्त क्षेत्रबाट चुनेका ८ र अन्य क्षेत्रबाट चुनेका ४ गरी १२ निर्देशकहरू र १२ वैकल्पिक निर्देशकहरू रहने व्यवस्था छ । यसको बैठक प्रत्येक हप्ताको १ पटक बस्ने र अध्यक्षले सभापतित्व गर्ने गर्दछ । यो परिषदले गभर्नर परिषदका सबै अधिकार प्रयोग गर्न सक्दछ । यसका लेखापरीक्षण समिति, आयव्यय पुनरावलोकन समिति तथा प्रशासनिक मामिला समिति जस्ता सहायक समितिहरू रहन्छन् ।

३. **सचिवालय/प्रधान कार्यालय (Secretariat):** फिलिपिन्सको राजधानी मनिलामा रहेको प्रधान कार्यालयको सचिवालय बैंकको प्रमुख प्रशासनिक एवं व्यवस्थापकीय अङ्ग हो । बैंकका प्रशासनिक र व्यवस्थापकीय कार्यहरू सञ्चालन गर्ने सचिवालय अन्तर्गत विभिन्न मुलुकहरूमा आवाशीय तथा क्षेत्रीय कार्यालयहरू रहेका छन् ।

४. **अध्यक्ष (President):** गभर्नर परिषद्द्वारा ५ वर्षका लागि चयन गरिने अध्यक्षले बैंकको प्रमुख प्रशासकीय अधिकृत तथा सचिवालय प्रमुखको कार्य गर्दछ । अध्यक्षले निर्देशक परिषदको निर्देशनमा बैंकका क्रियाकलापहरू सञ्चालन गर्नुको साथै



Question Bank Nepal

बैंकको औपचारिक प्रतिनिधित्व पनि गर्दछ । अध्यक्षलाई सहयोग गर्न उपाध्यक्षहरू रहने व्यवस्था छ ।

## अन्तर्राष्ट्रिय वित्त निगम (IFC)

अन्तर्राष्ट्रिय वित्त निगमको स्थापना जुलाई २०, १९५६ मा भएको हो । निगम विश्व बैंक समूहको एक स्वतन्त्र अन्तर्राष्ट्रिय संगठन हो । र यसको कोष पनि अन्तर्राष्ट्रिय पुनर्निर्माण तथा विकास बैंकभन्दा भिन्दै छ । निगम सन् १९५७ को फेब्रुअरी २० मा संयुक्त राष्ट्रसंघको विशिष्टीकृत संस्थाको रूपमा परिणत भयो । हाल १८२ देशहरू सदस्य भएको यस संस्था विकासोन्मुख राष्ट्रहरूमा निजी क्षेत्र सम्मिलित आयोजनामा ऋण उपलब्ध गराउने र लगानी गर्ने सबभन्दा ठूलो बहुपक्षीय संस्था हो । ८६ फिल्ड अफिससमेत भएको निगममा ३४०० भन्दा बढी कर्मचारीहरू कार्यरत छन् । जसमध्ये ४९ प्रतिशत कर्मचारीहरू निगमको प्रधान कार्यालय वासिंटन डीसीमा कार्यरत छन् । सदस्य देशहरूको सेयर पुँजी रहेको निगमको अधिकृत पुँजी अमेरिकी डलर २.४५ अर्ब रहेको छ । सदस्य देशहरूसँग रहेको सेयरको आधारमा मताधिकार निहित हुन्छ ।

### निगम स्थापनाका उद्देश्य तथा कार्य

अल्पविकसित सदस्य राष्ट्रहरूका उत्पादनशील निजी उद्योग विकासमा प्रोत्साहित गरेर ती मुलुकहरूको आर्थिक विकासमा योगदान दिने यस निगमको उद्देश्य रहेको छ । यसका अलावा निगमको उद्देश्यहरू निम्नानुसार छन् :

(क) सदस्य राष्ट्रहरूको भुक्तानीको प्रत्याभूति (Guarantee) बिना नै ती राष्ट्रहरूको निजी उद्योगलाई वित्तीय सहयोग दिनु,

(ख) स्वदेशी र विदेशी पुँजी, अनुभवी व्यवस्थापन तथा लगानीका सम्भावनाहरूको एकीकरण गर्नु,

(ग) निजी पुँजीको प्रवाहलाई प्रोत्साहित गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्नु ।

### माथिका उद्देश्य हासिल गर्न निगमले निम्नुसार कार्य गर्दछ

(क) कम विकसित सदस्य देशहरूको विकास कार्यमा पुँजी लगानी गर्नु,

(ख) सरकारी र निजी दुवै क्षेत्रहरूमा ऋण प्रवाह गर्नु,

(ग) यथेष्ट निजी पुँजी उपलब्ध नभएका क्षेत्रहरूमा निजी क्षेत्रसँग साझेदारी गरी लगानी गर्नु आदि ।

### लगानीका क्षेत्र

निगम व्यापारिक रूपले नाफालाई उद्देश्य बनाई संचालित हुन्छ । निगमले दीर्घ अवधिका लागि प्रमुख र स्थानीय मुद्रामा, निश्चित वा चलायमान ब्याजदरमा यसरी ऋण उपलब्ध गराउँछ :

- परियोजनाको इक्विटीमा लगानी गरेर



Question Bank Nepal

- आवधिक ऋण, प्रिफरेन्स स्टक, आम्दानी नोट, परिवर्त्य मुद्रामा ऋण प्रदान गरेर
- सिन्डिकेट ऋण दिएर
- जोखिम व्यवस्थापन गरेर (जस्तैः मुद्रा मध्यस्थीकरण, ब्याजदर ह्वाप, सम्भावित नोक्सानीबाट जोगिन निश्चित मूल्यमा लगानीहरू खरिद गर्नु (hedging)

निगमले लगानीकर्ताका लागि नाफायोग्य परियोजनामा सदस्यराष्ट्रले प्राप्त गर्नसक्ने फाइदा साथै वातावरणीय र सामाजिक रूपले उपयुक्त परियोजनामा मात्र लगानी गर्दछ। निगमले सबै प्रकार क्षेत्रका उद्योगहरू जस्तैः तयारी उद्योगहरू, पर्यटन, स्वास्थ्य र शिक्षा, वित्तीय सेवा आदि क्षेत्रमा लगानी गर्दछ। निगमले लगानी गर्ने वित्तीय सेवाहरूमा, लिजिङ बिमा, मोर्टगेज बजार र विद्यार्थी ऋण, लघुवित्त कारोबार गर्ने, तथा साना र मझौला उद्योगमा लगानी गर्ने बैंकहरू पर्दछन्। निजी क्षेत्र सहभागी हुने सुनिश्चितता प्रदान गर्न निगमले कुनै एक आयोजनामा कुल अनुमानित परियोजना खर्चमा अधिकतम २५ प्रतिशतसम्म मात्र लगानी गर्ने गरेको छ। तर परियोजनाको विस्तारको क्रममा अधिकतम ५० प्रतिशतसम्म लगानी गर्ने नीति लिएको छ। निगमले अमेरिकी डलर १० लाखदेखि १० करोड डलरसम्म लगानी गर्ने गर्दछ।

## अन्तर्राष्ट्रिय वित्त निगमका अङ्ग

१. **गभर्नर परिषद् (Board of Goverad):** गभर्नर परिषद् निगमको सर्वोच्च अंग हो। परिषद्मा सबै सदस्य देशहरूले नियुक्त गरेका गभर्नर रहन्छन्। गभर्नरमा सामान्यतया अर्थमन्त्री नियुक्त गरिन्छन्। अन्तर्राष्ट्रिय पुनर्निर्माण तथा विकास बैंकको गभर्नर परिषद् नै व्यावहारिक रूपमा निगमको गभर्नर परिषद् हुन्छ। यसको अधिकार तथा कार्यक्षेत्र पनि विश्व बैंक (IBRD) को जस्तै हुन्छ। गभर्नर परिषद्ले धेरैजसो अधिकार निर्देशक परिषद्मा प्रत्यायोजन गर्दछन्। गभर्नर परिषद्को बैठक वर्षमा कम्तीमा एकपटक बस्दछ।

२. **निर्देशक परिषद् (Board of Directors):** निर्देशक परिषद् निगमको सर्वोच्च कार्यकारी निकाय हो। विश्व बैंकको कार्यकारी परिषद् (Executive Board) का कार्यकारी निर्देशकहरू नै निगमको निर्देशक परिषद्का पदेन निर्देशक रहन्छन्। विश्व बैंक झैं विभिन्न मतदाता समूह तथा धेरै मताधिकार रहेका देशहरूबाट जम्मा २४ जना कार्यकारी निर्देशक छनोट हुन्छन्। परियोजना लगानी संचालनको स्वीकृति यिनै कार्यकारी निर्देशकहरूबाट हुन्छ।

३. **अध्यक्ष (President):** निगमको प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष हुन्छ। अन्तर्रा... र्णण एवं विकास बैंकको अध्यक्ष नै निगमको अध्यक्ष हुने छ। अध्यक्षले नै निगमको निर्देशक परिषद्को अध्यक्षता कार्यकारी उपाध्यक्षलाई दैनिक संचालन र सम्पूर्ण ारी रहन्छ। कार्यकारी उपाध्यक्षलाई निर्णय गर्न र रणनीति एक व्यवस्थापन समूह बनाइएको हुन्छ जसमा निगमका ास्था छ।



Question Bank Nepal

समुह 'ख'

# बैङ्क तथा वित्तीय संस्था सम्बन्धित ऐन, नियम तथा नियमनहरू

## (१) नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ (Nepal Rastra Bank Act, 2058)

**✍ नेपाल राष्ट्र बैंङ्क ऐन जारी हुनाका कारण यसको प्रस्तावना अनुसार लेख्नुहोस ।**

नेपालको अर्थतन्त्रको दिगो विकासको निमित्त मुल्य स्थिरता कायम गर्न, शोधनान्तर सुदृढीकरण गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्न, सुरक्षित, स्वस्थ्य तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न, बैंकिङ तथा वित्तीय प्रणालीको स्वस्थ विकासको लागि उपयुक्त नियम, निरीक्षण तथा सुपरिवेक्षण गर्न र मुलुकको समग्र बैंङ्किङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नका लागि केन्द्रीय बैङ्कको रूपमा कार्य गर्ने नेपाल राष्ट्र बैङ्कको स्थापना गर्न यो ऐन जारी भएको हो ।

**✍ नेपाल राष्ट्र बैंङ्क कस्तो प्रकारको संस्था हो ?**

नेपालमा केन्द्रीय बैङ्कको कार्य गर्न नेपाल राष्ट्र बैंङ्क ऐन २०१२ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंङ्क लाई नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा ३ ले यसै ऐन अनुसार स्थापना भएको मानेको छ । यस ऐन अनुसार राष्ट्र बैंङ्क निम्न प्रकारको संगठित संस्था हो:

- अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो
- आफ्नो कामकारवाहीको निमित्त छुट्टै छाप हुने,
- चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेच बिखन गर्न र यस्तै अन्य किसिमले अन्य व्यवस्था गर्न सक्ने
- आफ्नो नामबाट नालिस उजुर गर्न र आफूउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने



Question Bank Nepal

- बैङ्कको केन्द्रीय कार्यालय काठमाडौंमा रहने र आवश्यकताअनुसार नेपालभित्र वा बाहिर जुनसुकै ठाउँमा शाखा, उप-शाखा तथा अन्य कार्यालयहरू खोल्न र एजेण्ट वा प्रतिनिधि नियुक्त गर्न सक्छ ।

✍ **नेपाल राष्ट्र बैंङ्क ले गर्न नहुने कामहरूको सम्बन्धमा राष्ट्र बैंङ्क ऐनले गरेको व्यवस्था के कस्तो रहेको छ ?**

नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा ७ अनुसार यस बैंङ्कले निम्नानुसारका कामहरू नगर्ने व्यवस्था रहेको छ :

(क) आफ्ना कर्मचारीलाई प्रदान गर्ने बाहेक कुनै कर्जा प्रदान गर्ने, कुनै पनि किसिमको निक्षेप राख्ने वा कुनै किसिमको आर्थिक उपहार दिने,

(ख) कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था, सार्वजनिक संस्थान वा कम्पनीको शेयर खरिद गर्ने वा अन्य कुनै पनि किसिमले कुनै वित्तीय, व्यापारिक, कृषि, औद्योगिक वा अन्य संस्था मा स्वामित्वसम्बन्धी अधिकार प्राप्त गर्ने,

(ग) कुनै किसिमको व्यापार गर्ने, वा

(घ) आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न वा आफ्नो उद्देश्य पुरा गर्न आवश्यक पर्ने सम्पत्ति बाहेक खरिद गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट चल अचल सम्पत्तिमाथि अधिकार प्राप्त गर्ने ।

✍ **नेपाल राष्ट्र बैंङ्कले के कस्ता छुट र सुविधाहरू प्राप्त गर्न सक्छ ?**

ऐनको दफा ८ मा भएको व्यवस्थाअनुसार प्रचलित कानुनमा जनुसुकै व्यवस्था गरिएको भए तापनि राष्ट्र बैङ्कले देहायको छुट र सुविधा प्राप्त गर्ने व्यवस्था छ :

- कर शुल्क तथा महशुल छुट : बैङ्कको आम्दानी, पूँजी कारोबार, घरजग्गा जायजेथा तथा सम्पत्तिमा सबै किसिमको कर, शुल्क तथा महसुल आदिमा छुट ।
- लिखत रजिष्ट्रेशन दस्तुर छुट : बैङ्कले दिने कर्जा वा पुनरकर्जाको लिखत रजिष्ट्रेशन गर्न परेमा दस्तुर छुट ।
- आय टिकट टास्नु नपर्ने : बैङ्कसँग सम्बन्धित कुनै पनि लिखतमा आय टिकट टाँस्नु नपर्ने गरी छुट ।
- निकासी पैठारी दस्तुमा छुट : बैङ्कको नोट, सिक्का, सुन, चाँदी तथा टकमरी गर्नको निमित्त प्रयोग हुने कागज, धातु, रसायन तथा अन्य वस्तुहरूको निकासी र पैठारीमा कुनै किसिमको कर, शुल्क, दस्तुर महसुल छुट ।

✍ **नेपाल राष्ट्र बैंङ्कले नेपाल सरकार, सार्वजनिक निकाय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध र समन्वय राख्ने व्यवस्था उल्लेख गर्नुहोस् ।**

राष्ट्र बैंङ्क ले नेपाल सरकारसँग र नेपाल सरकारले बैङ्कसँग सम्बन्ध राख्दा अर्थ मन्त्रालयमार्फत राख्ने व्यवस्था छ । यस्तै बैंङ्क ले आफ्नो उद्देश्य प्राप्तिका लागि कुनै सार्वजनिक निकाय वा तिनका एजेन्सी वा निकायसँग आवश्यक समन्वय गर्न सक्ने



Question Bank Nepal

व्यवस्था रहेको छ। नेपाल सरकारले बैंक सँग अनुरोध गरेमा बैङ्कले शोधनान्तर र बैङ्किङ्ग तथा वित्तीय विषयमा आवश्यक सूचना तथा उपलब्ध गराउन र वा बैंक ले नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रसँग अनुरोध गरेमा त्यस्तो निकायले बैङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनु पर्ने व्यवस्था रहको छ।

राष्ट्र बैङ्कले विदेशी सरकार, विदेशी केन्द्रीय बैङ्क, विदेशी बैंक तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूलाई बैंङ्किङ्ग तथा भुक्तानी सेवा उपलब्ध गराउने र आफूले पनि तिनीहरूबाट त्यस्तै सुविधा प्राप्त गर्न सक्ने, आफ्नो अधिकारक्षेत्रभित्र रहेका मौद्रिक नीति, विदेशी विनिमय नीति, शोधनन्तर, बैंक सुपरिवेक्षण तथा अन्य सम्बन्धित विषयहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूमा नेपालको प्रतिनिधित्व गर्ने, अन्तर्राष्ट्रिय मौद्रिक सहयोगको माध्यमबाट वित्तीय तथा आर्थिक स्थायित्व प्राप्त गर्न कार्यरत अन्तर्राष्ट्रिय संघ, संस्थामा भाग लिने नेपालको प्रतिनिधिको हैसियतले अन्तर्राष्ट्रिय संघ, संस्थामा भाग लिँदा आफ्नो मुलुकको तर्फबाट बहन गर्नुपर्ने उत्तरदायित्व र सम्पन्न गर्नुपर्ने कार्यको जिम्मेवारी लिनुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंक ऐनमा रहेको छ।

**✍ नेपाल राष्ट्र बैंक ले कस्ता प्रकारका खाता खोल्ने र सञ्चालन गर्ने व्यवस्था रहेको छ ?**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १३ मा भएको व्यवस्था अनुसार बैङ्कले नेपाल सरकार र अन्य सरकारी निकाय, वाणिज्य बैंङ्क तथा वित्तीय संस्था, सार्वजनिक संस्थान, विदेशी नियोग, विदेशी केन्द्रीय बैंक विदेशी बैंक तथा अन्तर्राष्ट्रिय संघ, संस्थाका लागि खाता खोली सञ्चालन गर्न सक्छ। यस्तो खाता खोल्ने र सञ्चालन गर्ने प्रक्रिया बैङ्कले तोकेबमोजिम हुन्छ। तर बैङ्कले कुनै पनि व्यक्ति, उद्योग वा राजनैतिक संस्थाका लागि खाता सञ्चालन गर्न नपाउने व्यवस्था रहेको छ।

**✍ नेपाल राष्ट्र बैंक को गभर्नरको नियुक्तिको प्रक्रिया कस्तो रहेको छ ? उल्लेख गर्नुहोस्।**

नेपाल राष्ट्र बैंक को प्रमुख पदाधिकारीको रूपमा गभर्नर रहने र निजको नियुक्ति ५ वर्षको अवधिको लागि नेपाल सरकार मन्त्रीपरिषदबाट हुने व्यवस्था रहेको छ। गभर्नरको नियुक्तिका लागि तोकिएको योग्यता पुगेका आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरू तथा डेपुटी गभर्नरहरूमध्येबाट तीन जनाको नाम सिफारिस गर्न नेपाल सरकारले गठन गर्ने अर्थ मन्त्री, बैंङ्क कै पूर्व गभर्नरहरूमध्येबाट एक जना र आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय तथा वाणिज्य कानुनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूमध्येबाट जना व्यक्ति सदस्य रहेको समितिबाट भएका सिफारिस अनुसारका व्यक्तिहरूमध्येबाट एक जनालाई नेपाल सरकार मन्त्रीपरिषद्ले गर्भनर पदमा नियुक्त गर्ने व्यवस्था रहेको छ।



Question Bank Nepal

**✍ नेपाल राष्ट्र बैंङ्क को सञ्चालकको नियुक्ति, कार्यकाल तथा पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी व्यवस्थावारे उल्लेख गर्नुहोस् ।**

नेपाल सरकार, मन्त्रिपरिषद्ले आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रमा लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्ये अलग अलग क्षेत्रको प्रतिनिधित्व हुने गरी सञ्चालकको नियुक्ति गर्ने व्यवस्था रहेको छ। यसरी नियुक्ति हुने सञ्चालकको कार्यकाल ५ वर्षको हुने व्यवस्था रहेको छ। सरकारले आवश्यक देखेमा सञ्चालकलाई जतिसुकै पटक पनि पुनः नियुक्ति गर्न सक्छ। यसरी नियुक्ति हुने सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा बैंङ्क को सञ्चालक समितिले तोकेबमोजिम हुने व्यवस्था रहेको छ। यसरी नियुक्ति हुने सञ्चालकमा नियुक्ति हुनका लागि त्यस्तो व्यक्तिको योग्यता देहायबमोजिम हुनुपर्ने व्यवस्था रहेको छ :

- नेपालको नागरिक,
- उच्च नैतिक चरित्र भएको,
- आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित वा कानुन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक मौद्रिक, बैङ्किङ्ग, वित्तीय वा वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको, तथा
- सञ्चालक हुनका अयोग्य नभएको।

**✍ कस्तो अवस्थामा बैंङ्क का सञ्चालकहरू पदमुक्त हुन्छन् ?**

बैंङ्क का गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक देहायको कुनै अवस्थामा पद मुक्त हुन सक्ने व्यवस्था रहेको छ :

- सञ्चालक हुनका लागि अयोग्य भएमा, वा
- बैङ्कको ऐनबमोजिमको उद्देश्य हासिल गर्नको निम्ति बैङ्कले गर्नुपर्ने कार्यहरू कार्यान्वयन गर्न, गराउन कार्यक्षमताको अभाव भएमा, वा
- मुलुकको बैंकिङ्ग तथा वित्तीय व्यवस्थामा हानी नोक्सानी पुग्ने कार्य गरेको देखिएमा, वा
- बैङ्कको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको देखिएमा, वा
- खराब आचरणको कारणबाट कुनै पेसा वा व्यवसाय गर्नबाट अयोग्य ठहऱ्याई प्रमाणपत्र खोसिएको वा व्यवसाय गर्न रोक लगाएकोमा, वा
- मनासिब माफिकको कारणबिना लगातार तीनपटकभन्दा बढी समितिको वैठकमा अनुपस्थित भएमा।

उपरोक्तबाहेक अन्य कारणबाट गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई हटाउन सकिदैन। यसरी हटाउनु परेमा सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेस गर्ने उचित अवसरबाट दिएर नेपाल सरकारले जाँचबुझ समितिको गठन गरी सो समितिबाट छानबीन गराइ जाँचबुझ समितिको सिफारिसमा पदमुक्त गर्न सक्ने व्यवस्था गरिएको



Question Bank Nepal

छ । यसरी पदमुक्त गर्नका लागि गठन हुने छानविन समितिमा सर्वोच्च अदालतबाट अवकाश प्राप्त न्यायाधिशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष र आर्थिक, मौद्रिक, बैङ्किङ्, वित्तीय, वाणिज्य तथा व्यवस्थापन क्षेत्रका लब्धप्रतिष्ठित दुई जना सदस्य रहने व्यवस्था छ ।

**२७. नेपाल राष्ट्र बैंङ्क को सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार उल्लेख गर्नुहोस् ।**

नेपाल राष्ट्र बैंङ्क ऐन २०५८ को दफा २९ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम रहेको छ :

- मौद्रिक तथा विदेशी विनियम नीति निर्माण गर्ने ।
- बैंङ्क नोट तथा सिक्काको दर, चित्र, आकार, धातु नोट छपाई गर्ने वस्तु वा अन्य पदार्थ सम्बन्धमा आवश्यक निर्णय गर्ने र सो को निष्काशनका सम्बन्धमा आवश्यक नीतिको तर्जुमा गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गराउने व्यवस्था र बैङ्किङ्ग तथा वित्तीय व्यवस्थाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने ।
- बैङ्कको नियम तथा निनियम स्वीकृत गर्ने र बैङ्कको सञ्चालन र व्यवस्थापनमा लागू हुने नीति निर्माण गर्ने ।
- बैङ्कका कर्मचारीहरूको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारीश्रमिक, निवृत्तभरण, उपदान, सञ्चयकोष, विदा, आचरण तथा सेवासम्बन्धी अन्य शर्तहरू बारे नीति निर्धारण गर्ने ।
- बैङ्कका लागि वार्षिक कार्यक्रम र वजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब स्वीकृत गर्ने र सोको प्रतिवेदन जानकारीका लागि नेपाल सरकारमा पेस गर्ने ।
- बैङ्कको काम कारवाही बारेको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई इजाजतपत्र दिने र रद्द गर्ने सम्बन्धमा नीति निर्माण गर्ने ।
- बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने ।
- बैङ्कले वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई दिने कर्जा तथा पुनर्कर्जाको रकम, सीमा तथा शर्तको निर्धारण गर्ने ।
- अन्तर्राष्ट्रिय संघ, संस्थामा बैङ्कको सदस्यता सम्बन्धमा निर्णय गर्ने ।
- बैङ्कको वित्तीय श्रोत परिचालन र लगानी नीति निर्माण गर्ने ।
- यस ऐनमा संशोधन गर्नुपर्ने अवाश्यकता देखिएमा सोको कारण खुलाई नेपाल सरकारसमक्ष प्रस्ताव पेस गर्ने ।
- यस ऐनअन्तर्गत गभर्नरको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका अरू सबै विषयमा निर्णय गर्ने ।

Question Bank Nepal

- समितिमा रहेका अधिकारहरू अवधि तोकी वा नतोकी गभर्नर वा समितिद्वारा गठित उपसमितिलाई प्रत्यायोजन गर्ने ।

**✍ नेपाल राष्ट्र बैंकका गभर्नरको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।**

ऐनको दफा ३० मा भएको व्यवस्थाअनुसार गभर्नरको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

- सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने ।
- बैङ्कको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- बैङ्कले गर्नुपर्ने कार्यहरू व्यववस्थित गर्ने ।
- अन्तर्राष्ट्रिय संघ, संस्थामा बैङ्कको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।
- मौद्रिक तथा विदेशी विनिमयसम्बन्धी नीति कार्यान्वयन गर्ने, गराउने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाले कर्जा वा निक्षेपमा लिने वा दिने ब्याजदर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने तरलतासम्बन्धी नीति निर्माण गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाहरूले राख्नुपर्ने अनिवार्य मौज्दातको आधार, रकम तरिका, शर्त समयावधि तथा सोको प्रयोगका बारे आवश्यक व्यवस्था गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको पूँजी कोषको पर्याप्ततासम्बन्धी शर्त निर्धारण गर्ने ।
- सुन तथा अन्य बहुमूल्य धातुको खरीद बिक्री गर्दा अपनाउनुपर्ने प्रक्रिया र शर्तको सम्बन्धमा निर्णय गर्ने ।
- बैङ्कले प्रदान गर्ने सेवामा सेवा शुल्क निर्धारण गर्ने ।
- आवश्यकताअनुरूप बैङ्कका शाखा कार्यालय तथा अन्य कार्यालय स्थापना र बन्द गर्ने निर्णय गर्ने ।
- बैङ्कको एजेन्सी स्थापना गर्ने र बन्द गर्ने ।
- बैङ्कको सूचना प्रणालीको विकास र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।
- वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई प्रदान गरिएको इजाजतपत्र रद्द गर्ने सम्बन्धमा निर्णय गर्ने ।
- सञ्चालक समितिद्वारा प्रत्यायोजित अधिकारको अधीनमा रही अन्य विषयमा निर्णय गर्ने ।

@Question Bank Nepal

**२. नेपाल राष्ट्र बैंक को लेखापरीक्षण समितिको गठन कसरी हुन्छ ? यस समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।**

ऐनको दफा ३४ मा भएको व्यवस्थाअनुसार सञ्चालक समितिले आफूप्रति उत्तरदायी हुने गरी देहायबमोजिम सदस्य रहेको एउटा लेखापरीक्षण समिति गठन गर्दछ :

(क) एक जना सञ्चालक – संयोजक

(ख) बैङ्कको लेखापरीक्षण विभागको प्रमुख –सदस्य

(ग) समितिले तोकेको बैङ्कको बरिष्ठ अधिकृत एक जना –सदस्य

लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुन्छ ।

(क) बैङ्कको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव समितिमा पेस गर्ने र सो को जानकारी गभर्नरलाई समेत दिने ।

(ख) बैङ्कको आवधिक वासलात तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए नभएको बारे यकीन गर्ने ।

(ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

(घ) बैङ्कमा लागू भएको प्रचलित कानुन पूर्णरूपमा पालन भएको छ भनी विश्वस्त हुन बैङ्कको प्रशासन र सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्यसम्पादनको लेखापरीक्षण गर्ने ।

(ङ) प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय लेखा मापदण्डअनुरूप बैङ्कको लेखापरीक्षण कार्यको निमित्त विनियम बनाई स्वीकृतिका लागि समितिसमक्ष पेस गर्ने ।

**२. राष्ट्र बैंक ले आर्जन गरेको खुद नाफा वा नोक्सानको बाँडफाँड के कसरी हुने व्यवस्था रहेको छ ?**

राष्ट्र बैङ्कले प्रत्येक आर्थिक वर्षमा आफ्नो खुद नाफा नोक्सानीको हिसाब अन्तर्राष्ट्रियस्तरको लेखा मापदण्डअनुरूप तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खुद नाफा वा नोक्सान वा नोक्सानीको हिसाब तयार गर्दा प्राप्त भइसकेको नाफा र व्योहोरेको घाटा वा बेहोर्न बाँकी रहेको घाटा र खुद मूल्याङ्कन नाफा वा घाटा समायोजन गरी खराब वा शङ्कास्पद ऋण र सम्पत्तिको ह्रास कट्टी घटाउने व्यवस्था रहेको छ ।

यसरी खुद नाफा वा नोक्सान गणना गर्दा कुनै आर्थिक वर्ष बैङ्कले मुनाफा आर्जन गरेमा त्यस्तो मुनाफाको बाँडफाँड तथा प्रयोग देहायको प्राथमिकताअनुरूप हुने व्यवस्था रहेको छ :

- खुद मुनाफाको पाँच प्रतिशत मौद्रिक दायित्व कोषमा वासलातमा देखाइएको बैङ्कको कूल मौद्रिक दायित्वको पाँच प्रतिशत नपुगेसम्म राख्ने र यस्तो रकम बैङ्कको वित्तीय दायित्व पूरा गर्ने प्रयोजनका लागि मात्र खर्च गर्न पाइने ।



Question Bank Nepal

- खुद मुनाफाको दश प्रतिशतमा नघट्ने गरी बैङ्कको वार्षिक बजेटमा उल्लेख भएका पूँजीगत खर्चलाई समेत खाम्ने गरी थप रकम समेत साधारण जगेडा कोषमा जम्मा गरिने र यस्तो रकम बैंङ्कलाई भएको नोक्सानीलाई व्यहोर्न मात्र प्रयोग गरिने ।
- पुनरमूल्याङ्कन नाफा बराबरको रकमलाई पुनरमूल्याङ्कन जगेडा कोषमा राख्नुपर्ने ।
- यसरी बाँडफाँड गरी बाँकी मुनाफाबाट अन्य कोषहरूमा आवश्यकताअनुसार रकम विनियोजन गरी बाँकी रहन आउने रकम नेपाल सरकारमा दाखिल गर्ने ।

कुनै आर्थिक वर्षमा बैङ्कले खुद नोक्सानी वहन गरेमा त्यस्तो नोक्सानीलाई देहायबमोजिम बाँडफाड गरिनेछ :

- खुद नोक्सानीमा कूल सञ्चालन नोक्सानी तथा पुनरमुल्याङ्कन नोक्सानीसमेत संलग्न भए कूल सञ्चालन नोक्सानीको रकमलाई साधारण जगेडा कोषमा वा पूँजी खातामा खर्च लेखी समायोजन गरिने
- खुद नोक्सानीको रकम कूल सञ्चालन नोक्सानी र पुनरमूल्याङ्कन नोक्सानीको जोडबाट भएको अवस्थामा त्यस्तो खूद नोक्सानी रकमलाई पुनरमूल्याङ्कन कोषमा खर्च लेखिने
- पुनरमूल्याङ्कन जगेडा कोषको मौज्दात पनि ऋणात्मक भएमा साधारण जगेडा कोष वा पूँजी खातामा खर्च लेखिने
- यसरी नोक्सानीको बाँडफाँड गर्दा समेत समायोजन हुन नसकेको नोक्सानी नेपाल सरकारले बेहोर्ने ।

**✍ नेपाल राष्ट्र बैंङ्क ले सञ्चालन गर्ने खुला बजारसम्बन्धी कार्यका बारेमा उल्लेख गर्नुहोस् ।**

नेपाल राष्ट्र बैङ्कलाई नेपालको मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुन्छ । बैङ्कले नेपाल सरकारको तर्फबाट वा आफैले जारी गरेको बजारमा तत्काल बिक्री हुन सक्ने ऋणपत्र तत्काल वा पछि खरीद बिक्री गर्ने गरी सम्झौता गरेर खुला बजार कारोबार सञ्चालन गर्दछ । यस्तो कारोबार पुनरबिक्री सम्झौता (रिपर्चेज एग्रीमेन्ट वा रिभर्स रिपर्चेज एग्रीमेन्ट) को रूपमा पनि हुन सक्छ तर यस बाहेक अन्य उपकरणको प्रयोग बैंङ्क ले गर्न पाउदैन ।

राष्ट्र बैंङ्क ले खुला वजार कारोवार सञ्चालन गर्नको लागि वाणिज्य बैंङ्क तथा वित्तीय संस्थासँग भएको निक्षेप, सापटी कोष वा बैङ्कले तोकेको अन्य दायित्वको अनुपातमा बैङ्कमा अनिवार्य मौज्दात जम्मा गर्नुपर्ने गरी निर्देशन दिन्छ। कुनै वाणिज्य बैंङ्क वा वित्तीय संस्थाले तोकिएको अनिवार्य मौज्दातबमोजिमको रकम जम्मा नगरेमा तोकिएको अधिकतम बैंङ्क दरको तीन गुणाभन्दा बढी नहुने गरी जरिवाना गर्न सक्दछ ।

यस्तै राष्ट्र बैङ्कले आफूसँग खाता रहेका वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाले पेस गरेका नेपालमा ६ महिनाभित्र भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्र र बैङ्कले प्राप्त गरेको मितिले ६ महिनाभित्र भुक्तानी हुने नेपाल सरकार वा बैङ्कले निष्काशन गरेको नेपालभित्र भुक्तानी हुने ऋणपत्रको कारोवारमा डिस्काउण्ट कारोवार गर्न सक्छ ।



Question Bank Nepal

राष्ट्र बैङ्कले निर्धारण गरेको शर्त तथा प्रक्रियाको अधीनमा रही वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई बढीमा ६ महिनाका कर्जा तथा पुनर्कर्जा प्रदान गर्न सक्छ ।

सरकारले सर्वसाधारणको हित र कल्याणका लागि कर्जा प्रवाह गर्न उपयुक्त देखि बैङ्कलाई अनुरोध गरेको खण्डमा र त्यस्तो कर्जाको नेपाल सरकारले प्रचलित बजार दरको सुरक्षणपत्रको ग्यारेन्टी दिएमा वा अन्तिम ऋणदाताको रूपमा कार्य गर्नुपर्दा बैङ्कले असाधारण अवस्थामा बढीमा एक वर्षसम्मका लागि वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई कुनै पनि किसिमको कर्जा प्रवाह गर्न सक्छ ।

डिस्काउन्ट तथा पुनरकर्जाको ब्याजदर बैङ्कले समयसमयमा निर्धारण गरे अनुसार हुन्छ ।

**✍ नेपाल राष्ट्र बैंङ्क ले बैंङ्क नोटको निस्कासन गर्दा कसरी निस्कासन गर्दछ ?**

नेपाल अधिराज्यको मौद्रिक एकाई रुपियाँ हुने र यस्तो रुपियाँ एकसय पैसामा विभाजित हुने व्यवस्था छ । नेपाली रुपियाँ नेपालभित्र कानुनी ग्राह्य (लिगल टेण्डर) हुने र यस्तो रुपियाँको जमानत नेपाल सरकारबाट हन्छ । राष्ट्र बैंङ्कलाई नेपालभित्र बैंङ्क नोट तथा सिक्का निष्काशन गर्ने एकाधिकार प्राप्त छ । यस बैंङ्क ले निष्काशन गरेको नोट तथा सिक्का नेपालमा कानुनी रूपमा ग्राह्य हुन्छ ।

बैङ्कले आवश्यकताअनुसार विभिन्न दरका बैंङ्क नोट निष्काशन गर्ने सक्ने र यसरी निष्काशन हुने बैंङ्क नोटमा देखिने चित्र, आकार र दर नेपाल सरकारको स्वीकृतिमा र नोटमा नदेखिने चित्र, आन्तरिक सुरक्षाको व्यवस्था, बैंङ्क नोट छपाई गर्ने वस्तु तथा अन्य पदार्थ सञ्चालक समितिले निर्णय गरेबमोजिम हुन्छ । राष्ट्र बैंङ्क को सञ्चालक समितिको राय लिई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै दरको बैंङ्क नोट कुनै तोकिएको ठाउँ वा अड्डामा बाहेक अन्यत्र नचल्ने गराउन सक्नेछ । राष्ट्र बैंङ्क ले च्यातिएको, मेटिएको अथवा झुत्रिएको नोट पुनः निष्काशन गर्ने छैन ।

नोट निष्काशन गर्दा सुरक्षण राखेर मात्र निष्काशन गर्नुपर्ने र यस्तो निष्काशित नोटको दायित्व सुरक्षणबापत राखिएको सम्पत्तिको मूल्यबराबर हुनु पर्दछ । सुरक्षणबापत राखिने सम्पत्तिको कमसेकम पचास प्रतिशत (नेपाल सरकारले स्वीकृति दिएमा चालीस प्रतिशत) सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमेय अधिकारपत्रमध्ये एक वा एकभन्दा बढीमा र अरू बाँकी प्रतिशत सिक्का (मोहर, डबल र सोभन्दा बढी दरको), नेपाल सरकारले निष्काशन गरेको ऋणपत्र र बैङ्कबाट पुनः भुक्तानी दिएको बढीमा अठार महिनाभित्र नेपालमा नै भूक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा एकभन्दा बढीमा राख्न सक्नेछ ।

**✍ नेपाल राष्ट्र बैंङ्क ले निष्काशन गर्ने नोटको सुरक्षण बापतको सम्पत्तिको मूल्यांकन कसरी हुन्छ ?**

नोट निष्काशन गर्नका लागि राखिने सुरक्षण सम्पत्तिको मूल्यांकन निम्नानुसार हुने व्यवस्था छः



Question Bank Nepal